"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनगाछी, झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४ ( भुमि सेवा केन्द्र ) | मितिः २०८३।०४।१३

च. नं :८२ | ने.सं.: ११४६ दिल्लाथ्व १५ बुधबार

श्री सम्पूर्ण वडा कार्यालय, (१ देखि ९) ,
कनकाई नगरपालिका, झापा ।

विषय - जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला भूमि समस्या समाधान समिति झापाको मिति २०८३/०४/१३ गतेको पत्रानुसार विगतका आयोगहरुमा निवेदन दिएका साथै सुचना प्रणाली (NALCIS) मा दर्ता भएका वा निस्सा प्रमाण प्रास गरेका निवेदकहरुको हकमा मात्र जेन्जी आन्दोलनका क्रममा तोडफोडमा परी नष्ट भएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले कनकाई नगरपालिका भूमि शाखामा सक्कल फायल भए नभएको यकिन गर्ने मिति २०८३/०४/१३ गतेदेखि लागु हुनेगरी २१ दिन भित्र निवेदन पेश गर्ने जानकारी हुनेगरी सूचना टाँस गरिदिनुहुन साथै वडाबाट सो कार्यमा सकृयतापूर्व पहल गर्नु हुन समेत अनुरोध छ। जिल्ला समितिबाट प्रकाशित सूचना यसै पत्रसाथ सलंग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

पुनश्च - यस कार्यका लागि फाराम र फायल छपाई लगायत कार्य गर्न शाखालाई समय लाग्ने भएकोले मिति २०८२/०४/१८ गते देखि भूमि शाखामा सम्पर्क गर्नहुन यसै सूचना बमोजिम अनुरोध छ।

२०८३।४।१३

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृ



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि समस्या समाधान समिति

# जिल्ला भूमि समस्या समाधान समिति झापा

भद्रपुर
टे.नं. ०२३-५९०८७८
ईमेल:111jhapa.districtcommittee@gmail.com

पत्र संख्या- २०८३/०८४ मिति-२०८३/०४/१३

च.नं.:-१७०

विषयः- २१(एक्काईस) दिने सुचना प्रकाशन गरिएको सम्वन्धमा ।

श्री स्थानीय तहहरु सबै, झापा ।
श्री जिल्ला प्रशासन कार्यालय, झापा ।
श्री भूमि प्रशासन कार्यालय, झापा ।
श्री जिल्ला समन्वय समिति, झापा ।
श्री डिभिजन वन कार्यालय, झापा ।
श्री नापी कार्यालय, झापा ।

प्रस्तुत विषयमा जिल्ला भूमि समस्या समाधान समिति झापाको मिति २०८३/०४/११ गतेको बैठकको निर्णयानुसार विगतका आयोगहरुमा निवेदन दिएका साथै सुचना प्रणाली (NALCIS) मा दर्ता भएका वा निस्सा प्रमाण प्राप्त गरेका निवेदनहरुको हकमा मात्र जेन्जी आन्दोलनका क्रममा आगजनी वा तोडफोडमा परी नष्ट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोबासीहरुको निवेदन सम्वन्धमा आवश्यक प्रमाण कागजात सहित भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्वन्धी कार्यविधि, २०८३ को अनुसुची ३ र ४ वमोजिमको ढाँचामा सम्वन्धित वडा कार्यालयमा मिति २०८३/०४/१३ गतेदेखि लागु हुनेगरी २१ दिन भित्र निवेदन पेश गर्नहुन प्रकाशित यसै पत्रसाथ संलग्न गरिएको सुचना, सम्वन्धित सरोकारवालाहरुलाई जानकारी हुनेगरी संप्रेशण तथा टाँस गरिदिनहुन निर्णयानुसार अनुरोध छ ।

२०८३/४/१३
नापी अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि समस्या समाधान समिति
**जिल्ला भूमि समस्या समाधान समिति झापा**
भद्रपुर

# जेन्जी आन्दोलनको क्रममा जलेर नष्ट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको निवेदनका लागि लगत संकलन गर्ने सम्बन्धी २१ (एक्काईस) दिने सुचना

**प्रकाशित मिति : २०८३।०४।१३**

जिल्ला भूमि समस्या समाधान समिति झापाको मिति २०८३।०४।११ गतेको बैठकको निर्णयानुसार विगतका आयोगहरूमा निवेदन दिएका साथै सुचना प्रणाली ( NALCIS ) मा दर्ता भएका वा निस्सा प्रमाण प्राप्त गरेका निवेदनहरूको हकमा जेन्जी आन्दोलनका क्रममा आगजनी वा तोडफोडमा परी नष्ट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको निवेदन सम्बन्धमा आवश्यक प्रमाण कागजात सहित भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को अनुसुची ३ र ४ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा मिति २०८३।०४।१३ देखि २१ (एक्काईस) दिनभित्र निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

Scanned with CamScanner